अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा
प्रदेश नं. २, नेपाल
Email– ito.arnamamun@gmail.com

प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२६

सुचना । सुचना ॥ सुचना ॥।

**विषय : पोखरी ठेक्का सम्बन्धमा।**

श्रीसर्ब साधारणहरु सबै ।

उपर्यूक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको को मिति २०७६/०५/१७ गतेको निर्णय अनुसार देहायका पोखरीहरुको ठेक्का डाँक बढाबढ अनुसार देहायको मिति, समय र स्थानमा हुने भएकोले ठेक्का लिने सर्व साधारण तथा सरोकारवाला सबैले डाँक बढाबढ द्वारा पोखरीको ठेक्का लिन आउनु हुनलाई यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । तोकिएको मिति, समय र स्थानमा उपशिथत नभइ पछि म पनि ठेक्का लिने थिए भनि कुनै किसिमको उजुर बाजुर गरेमा उजुर बाजुर लाग्ने छैन ।

**तपसिल**

१ ठेक्काको मिति २०७६/०६/११ गते शनिवार दिनको ११:०० बजे देखि ४ बजे सम्म गाउँ कार्यपालिकाको कार्यालय अर्नमामा हुनेछ ।

२ पोखरीको ठेक्का मिति २०७६/०४/०१ गतेवाट लागु हुनेछ ।

३ पोखरीको ठेक्का अवधि २०७९ साल असार मसान्त सम्म ( ३ बर्षको ) हुनेछ ।

४ ठेक्काको डाक सकार गर्ने व्यक्तिले १०% धरौटी रकम नगद जम्मा गरी डाक बढाबढ गर्नु पर्ने छ ।

५ पोखरीको न्यूनतम डाँक रकम देहाय मा उल्लेख भए वमोजिम हुनेछ ।

६ ठेक्का सम्बन्धी कुनै सरकारी कर दस्तुर तिर्नु परेमा ठेकेदारले नै ब्यहोर्नु पर्ने छ ।

७ डाँक बढाबढ कर्ताहरुमध्येवाट सबभन्दा बढी डाँक सकार गर्ने व्यक्तिको डाँक स्वीकृत गरिनेछ ।

८ डाँक बढाबढ कर्ताहरुमध्येवाट सबभन्दा बढी सकार गर्ने व्यक्ति , दोस्रो र तेस्रो समेतको धरौटी रकम राखिनेछ । नियमानुसार चलन पुर्जी लिई सकेपछि । दोस्रो र तेस्रो डाँक सकार कर्ताको धरौटी रकम कानून वमोजिम फिर्ता हुनेछ ।

९ सबभन्दा बढी डाँक सकार गरेको व्यक्तिले ३ वर्षको ठेक्का वापतको हुन अउने रकम ७ दिन भित्र गाउँपालिकाको संचितकोष खातामा एकमुष्ट रुपमा जम्मा गरी सकल भौचर साथ चलन पुर्जी पाउँको निवेदन दिई चलन पुर्जी लिई सक्नु पर्नेछ । अन्यथा निजको धरौटी रकम जफत गरी क्रमशः दोस्रो र तेस्रो डाँक सकार कर्तालाई सूचना दिई निजहरु संग क्रमिक रुपमा चलन पुर्जीको प्रक्रिया अगाडी बढाईने छ ।

१० गाउँपालिकाको कुनै किसिमको रकम बाँकी रहेको तथा फौजदारी अभियोग लागेको व्यक्तिले डाँक बोल्न पाईनेछैन ।

११ डाँक लाग्ने पोखरीको म्याद अवधिभर ( २०७९ साल असार मसान्त सम्म ) कुनै भवितव्य वा मानविय किसिमले माछावाली वा डिल समेतमा कुनै क्षती समेत गरे वा भएमा त्यसको क्षती डाँक सकार गर्ने व्यक्ति स्वयमले व्यर्होनु पर्ने छ । गाउँपालिका व्यर्होने छैन ।

राम किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत